# बेनीघाट रोराङ ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड
## बेनीघाट रोराङ–७, चरौंदि, धादिङ
## बागमती प्रदेश, नेपाल

## कर्मचारीको संक्षिप्त कार्य विवरण तथा अनुभव

**क) लेखा सहायकः**

**अनुभव तथा सीप**

- आधारभुत कम्प्यूटर सम्बन्धी ज्ञान भई वर्ड, एक्सेल, इमेल, इन्टरनेट, पावर प्वाइन्टमा निपुण भएको साथै नेपाली र अंग्रेजीमा राम्रो सँग टाइप गर्न जान्ने ।
- संस्थाको लेखा सम्बन्धि सम्पुर्ण कार्य, हर हिसाब तथा खाता कम्प्यूटर सफ्टवेयरमा राख्न सक्ने ।
- योजना तयारी, समन्वय, कार्यान्वयन र आर्थिक प्रतिवेदन लेखनमा दख्खल भएको ।
- सरकारी, गैर सरकारी संस्था, निजी क्षेत्र वा सहकारी संस्थाहरुमा लेखा व्यवस्थापनमा कार्य गरेको अनुभव भएको ।
- खानेपानी सरसफाई र स्वच्छता (WASH) खानेपानी व्यवस्थापन र सुशासन सम्बन्धी ज्ञान भएको ।
- नेपाली र अंग्रेजी दुवैमा राम्रो संचार कौशल भएको ।

**जिम्मेवारी/कार्य बिवरणः**

- लेखा शाखाको इन्चार्ज भइ काम गर्ने ।
- कार्यालयको दैनिक आय व्ययको हिसाब राख्ने तथा मासिक आम्दानी खर्चको फाँटवारी तयार गर्ने ।
- त्रैमासिक रुपमा आयव्ययको बित्तिय प्रगति विवरण तथा प्रतिवेदन तयार गर्ने ।
- कर्मचारीहरुको व्यक्तिगत विवरण फाइल, विदा, मासिक कार्ययोजना र कार्यक्र प्रगतीको अभिलेख राख्ने ।
- लेखाको सिद्धान्त अनुसार आर्थिक कारोवारहरुको निस्सा तथा प्रमाणहरुको चेकजाँच गर्ने तथा प्रक्रिया सम्मत खर्चहरुको भुक्तानी गर्ने ।
- बजेट तथा खर्चहरुको नियमित अनुगमन सिट तयार गरि कार्यकारी निर्देशकलाई जानकारी गराउने र क्रियाकलाप तथा बजेटको आवश्यक समायोजन गर्न सघाउने ।
- कार्यालयको जिन्सी तथा सामग्रीहरुको अभिलेखिकरण तथा संरक्षण गर्ने र अन्य रेर्कडहरु दुरुस्त राख्ने ।
- क्रियाकलापहरु कार्यान्वयनको खर्चमा संस्थाको नियम तथा कार्यविधिको लापना गर्ने गराउने र खर्चको पारदर्शिता, एकरुपता कायम गर्दै सुशासनमा प्रतिबद्ध रहने ।
- लेखा शाखामा जडान भएको सफ्टवेयरको दैनिक रेखदेख गर्ने ।
- वार्षिक सन्तुलन परिक्षण बनाई वार्षिक प्रतिवेदन तयार गर्ने ।
- बार्षिक रुपमा गरिने आन्तरिक तथा अन्तिम लेखा परिक्षणका लागि आवश्यक कागजात तयार गरि लेखा परिक्षण गर्न सहयोग गर्ने ।

- कार्यक्रम संचालन तथा खानेपानीको निर्माण कार्यकालागि पालिका, प्रदेश तथा संघिय सरकार र अन्य दातृनिकाय बाट प्राप्त सहयोग तथा म्याचिङ्ग फण्डको खर्च फछ्र्यौटको लागि आवश्यक कागजात तयार गरि निकाय संग समन्वय गर्ने ।
- तोकिएका अन्य कार्यहरू गर्ने ।

**ख) सव-ईन्जिनियर :**

**अनुभव तथा सीप**

- आधारभुत कम्प्यूटर सम्बन्धी ज्ञान भई वर्ड, एक्सेल, इमेल, इन्टरनेट, पावर प्वाइन्टमा निपुण भएको साथै नेपाली र अंग्रेजीमा राम्रो सँग टाइप गर्न जान्ने ।
- खानेपानी सरसफाई र स्वच्छता (WASH) खानेपानी व्यवस्थापन र सुशासन सम्बन्धी ज्ञान भएको ।
- नेपाली र अंग्रेजी दुवैमा राम्रो संचार कौशल भएको ।

**जिम्मेवारी/कार्य बिवरणः**

१. बोर्ड मा आवद्ध हुने वा भएका खानेपानी आयोजनाहरुको आवश्यकता अनुसार सर्वेक्षण, अनुगमन तथा कार्यान्वयन गर्ने गराउने ।
२. नयाँ तथा पुराना खानेपानी आयोजनाको निर्माण तथा मर्मत सम्भारको योजना बनाउने ।
३. खानेपानी आयोजनाहरु तथा वितरण प्रणालीसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकनमा संलग्न हुने ।
४. खानेपानी आयोजनाहरुको लागत-लाभ विश्लेषण गर्ने ।
५. गाउँपालिका क्षेत्र भित्र रहेका आयोजनाहरुको निर्माण तथा मर्मत सम्भारकालागि प्राथमिकताक्रम तयार पारी बोर्डमा आवद्ध गराउन सहजीकरण गर्ने ।
६. सर्भेक्षण भइ आएका खानेपानी आयोजनाहरुको लागत इष्टिमेट गरि विस्तृत परियोजना प्रतिबेदन तयार पारी बोर्डमा पेश गर्ने ।
७. मर्मत सम्भार तथा नयाँ निर्माणको लागि बोर्डद्धारा सिफारिस भइ आएका आयोजनाहरुको संबन्धित प्राविधिक कागजपत्र तयार पारी दुइपक्षिय सम्झौता (बोर्ड तथा खानेपानी उपभोक्ता समिति/गा.पा.बिच) गर्ने कार्यमा कार्यकारीलाई सहयोग गर्ने ।
८. मर्मत सम्भार तथा नयाँ निर्माणको लागी तयार भएका आयोजनाको लागी आवश्यक बजार तथा स्थानिय सामाग्रीहरुको सामाग्री माग फाराम, खरिद आदेश तथा सामाग्री प्राप्ती सुचि तयार पार्ने र सम्बन्धित आयोजनामा लैजानु अगावै सँख्या र गुणस्तर चेकजाँच गर्ने ।
९. फोकश नेपाल,, गाउँपालिका/वार्ड, बोर्ड र उपभोक्ता बिच एकआपसमा अन्तर सम्बन्ध कायम गराउने ।
१०. मर्मत सम्भार तथा नयाँ निर्माण हुदै गरेका आयोजनाहरुको डिजाइन नक्शा, र BOQ अनुसार निरन्तर कार्य गुणस्तरको अनुगमन गर्ने गराउने ।
११. मर्मत सम्भार गरिएका खानेपानी आयोजनाहरुको आवधिक रुपमा रनिङ बिल र कार्य सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार पारी खर्च फरोफारोको लागि बोर्डमा पेश गर्ने ।
१२. खानेपानी आयोजनाको सम्भावित प्रदूषणहरु पहिचान गरी आवश्यक गुणस्तर मापन तथा परीक्षणको प्रबन्ध मिलाउने ।
१३. बोर्ड मातहत मर्मत सम्भार गरिने खानेपानी आयोजनाको विस्तृत कार्यान्वयन योजना र गैह्र स्थानीय सामाग्रीको खरीद योजना तयार पार्ने ।

१४. समुदायमा खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी चेतनामूलक अभिमूखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने ।
१५. आफू मातहतका प्राविधिक कर्मचारीहरुको कार्ययोजना तयार पारी सफल कार्यान्वयनमा मार्गदर्शन गर्ने ।
१६. नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन बिभागले तयार पारी कार्यान्वयनमा ल्याएको NWASH Application लाई समय समयमा अद्यावधिक गर्ने ।
१७. गाउँपालिका भित्र खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्ने  अन्य गैरसरकारी संघ संस्थाका प्राविधिकहरुसँग समन्वय गर्ने ।
१८. बोर्डको मातहतमा रहेका खानेपानी आयोजनाहरुको निर्माण तथा मर्मत सम्भार चरणमा सुपरीवेक्षण तथा  गुणस्तर नापजाँच गर्ने ।
१९. बोर्डको मातहतमा रहने प्राविधिक औजार तथा उपकरणहरुको सुरक्षित भण्डारण, प्रयोग तथा परिचालनमा सहजीकरण गर्ने ।
२०. गाउँपालिका क्षेत्र भित्र रहेका खानेपानी आयोजनाका बैकल्पिक मुहानहरुको पहिचान तथा अभिलेख व्यवस्थापनमा सहयोग गर्ने ।
२१. गाउँपालिका क्षेत्र भित्र रहेका खानेपानी आयोजनाहरुको जोखिम मुहानहरुको पहिचान संरक्षण तथा रिचार्ज पोखरी बनाउने कार्यलाइ प्राथमिकता दिने ।
२२. गाउँपालिका क्षेत्र भित्र रहेका आयोजनाहरुको जोखिम न्यूनीकरण योजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।
२३. फोकश नेपालले तयार पारेको MWater Application लाई प्रमुख प्राथमिकतामा राखी फोकश नेपाल मार्फत बेनिघाट गाउँपालिमामा निमार्ण सम्मन्न भएका र अब बोर्डसंगको सहकार्यमा सम्पन्न हुने सम्पुर्ण खानेपानी आयोजनाहरुको विवरण उक्त Application मा सर्भे गरि upload गर्ने । साथै उक्त कार्यको लागी आवश्यक पर्ने सहयोग र कार्य प्रगति फोकश नेपालको सम्बन्धित इन्जिनियर र बोड लाई गर्ने ।
२४. बोर्डको आवश्यकता बमोजीम कार्यकारि निर्देशक र सम्बन्धित सुपरभाईजनको निर्देशन बमोजीम अन्य कार्यहरु गर्ने गराउने ।

**ग) प्लम्बर/सामुदायिक प्राविधिक**

**अनुभव तथा सीप**

- कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
- खानेपानी सरसफाई र स्वच्छता (WASH) खानेपानी व्यवस्थापन र सुशासन सम्बन्धी ज्ञान भएको ।

**जिम्मेवारी/कार्य बिवरणः**

१. नयाँ  तथा पुराना खानेपानी आयोजनाको निर्माण तथा मर्मत सम्भारको दैनिक सुपरीवेक्षण गर्ने ।
२. खानेपानी आयोजनाहरु तथा वितरण प्रणालीसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकनको क्रममा समुदायमा आवश्यक समन्वय गर्ने र संलग्न हुने ।
३. खानेपानी आयोजनाहरुको लागत-लाभ विश्लेषण गर्ने कार्यमा आवश्यक सूचना संकलन तथा विश्लेषणमा ओभरसियर तथा ओभरसियरलाई सहयोग गर्ने ।
४. मर्मत सम्भार गरिएका खानेपानी आयोजनाहरुको कार्य सम्पन्न प्रतिवेदन तथा मेजरमेण्ट किताव तयार पार्न ओभरसियरको अगुवाइमा काम गर्ने ।
५. खानेपानी आयोजनाहरुमा विद्यमान प्रदूषकहरुको पहिचान गर्न ओभरसियरलाई सघाउने ।

६. बोर्ड मातहत मर्मत सम्भार गरिने खानेपानी आयोजनाकोलागि आवश्यक स्थानीय सामग्री संकलन तथा भण्डारणमा समुदायलाई आवश्यक सहयोग एवं सरसल्लाह दिने ।
७. मर्मत सम्भारकालागि खरीद गरिएका गैह्र स्थानीय सामग्रीहरुको उचित भण्डारण एवं सुरक्षाकालागि समुदायसँग समन्वय गर्ने ।
८. खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी चेतनामूलक अभिमूखीकरण कार्यक्रमहरु सञ्चालनकालागि लक्षित समुदायहरुको पहिचान गर्ने ।
९. गाउँपालिका भित्र खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्ने अन्य गैरसरकारी संघ संस्थाहरुको नक्शाकनमा सहयोग गर्ने ।
१०. गाउँपालिका क्षेत्रभित्र रहेका संकटापन्न खानेपानी आयोजनाहरुको पहिचान गरी प्रारम्भिक प्रतिवेदन गर्ने
११. खानेपानीको पाइप लाइन खन्न, विच्छयाउन तथा पुर्न समुदायलाई सहयोग तथा सहजीकरण गर्ने ।
१२. खानेपानी आयोजनाकासंरचनाहरु निर्माण तथा मर्मत सम्भारको नियमित सुपरीवेक्षण गर्ने ।
१३. मर्मत सम्भार क्षेत्रमा आवश्यकता अनुसार दक्ष तथा अदक्ष कामदारको व्यवस्थापन गर्न समुदायलाई सहजीकरण गर्ने ।
१४. समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी जनसचेतना अभिबृद्धिको काम गर्ने ।
१५. समुदाय तथा खानेपानी उपभोक्ताहरुलाई मर्मत सम्भारका प्राविधिक पक्षहरुमा अभिमूखीकरण गराउने ।
१६. निर्माण तथा मर्मत सम्भार सम्पन्न गरिएका खानेपानी आयोजनाहरुको तोकिएको ढाँचामा विस्तृत प्राविधिक प्रतिवेदन तयार पार्ने ।
१७. समुदायलाई खानेपानी मर्मत सम्भारका सामान्य प्राविधिक ज्ञानहरु हस्तान्तरण गर्ने ।
१८. आयोजना सँग सम्बन्धित आवश्यक सूचनाहरु संकलन तथा अद्यावधिक गर्ने ।
१९. बोर्डमा अवद्ध सम्पुर्ण खानेपानी आयोजनाहरु निरन्तर संचालनको लागी पलम्बीङ सम्बन्धि सम्मुण मर्मत तथा संभारको कार्य वोर्डको प्राबिधिकको निर्देशन बमोजिम आफैले गर्ने गराउने ।
२०. बेनीघाट रोराङ ग्रामीण खानेपानी व्यवस्थापन बोर्डको आवश्यकता अनुसार कार्यकारी निर्देशक र सम्बन्धित सुपरभाईजरको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने गराउने ।

## घ) मिटर रिडर

### अनुभव तथा सीप

- मिटर रिडिङको क्षेत्रमा कम्तिमा १ बर्षको कार्यानुभव भएको । अथवा सहकारी तथा बित्तिय संस्थामा बचत संकलक भई १ बर्ष कार्य गरेको अनुभव ।
- मिटर रिडिङ सम्बन्धि मोवाइल एप्लिकेशनहरु चलाउन जान्ने ।
- खानेपानी सरसफाई र स्वच्छता (WASH) सम्बन्धी ज्ञान भएको ।

### जिम्मेवारी/कार्य बिवरण:

१. बिभिन्न खानेपानी आयोजनाहरुको लागि मिटर रिडिङको रुटीन तयार पार्ने ।
२. मोवाइल एप्लिकेशनमा नियमित मिटर रिडिङ्ग कार्य गर्ने र मिटर रिडिङ्गको डाटा दैनिक अपडेट गर्ने ।
३. खानेपानी उपभोक्तालाई मोवाइल बाट अनलाइन भुक्तानीको लागि सहजीकरण गर्ने ।
४. महशुल रकम नगद प्रदान गरेमा असुली गरि कार्यालयमा दाखिला गर्ने र बक्यौता महशुल असुलीको कार्यमा सघाउने ।

५. लगत कायमभएको तथा लाइन कट्टा भएका धाराहरुको विवरण राख्ने ।
६. लेखा शाखा प्रमुख/इन्चार्ज संग समन्वय गरी कार्य गर्ने ।
७. आफू मातहतमा भएका सामानहरुको हिफाजत गर्ने गराउने ।
८. माथिल्लो तहका कर्मचारीले लगाए अनुसारको कार्य गर्ने ।
९. दैनिक सफ्टवेयर बाट भएको कार्यको डाटाहरु सुरक्षित साथ राख्ने ।
१०. कार्यालयबाट दिइएको जिम्मेवारी कुशलता पूर्वक पूरा गरी उपभोक्ताहरु संग शिष्ट भाषा प्रयोग गरी मुस्कान सहितको सेवादिने ।
११. छली धारा नियन्त्रण कार्यमा सहयोग गर्ने ।
१२. लाइन कट्टा धाराहरुको रेकर्ड राख्ने तथा नयाँधारा जडान गर्नको लागिमाग संकलन गर्ने ।
१३. कैफियत देखिएका धाराहरुको रेकर्ड राखी मर्मत कार्य गर्न लगाउने
१४. मिटर बन्द धाराहरुको रेकर्ड राखी मिटर बन्द खोल्ने व्यस्था मिलाउने ।
१५. तोकिएका अन्यकार्यहरु गर्ने ।